18/05/2024

National News

मुख्य समाचार

- प्रधानमन्त्रीले कृषि एवं ग्रामीण विकास प्रति श्री गौड़ाको योगदानको गर्नु भयो प्रसंशा
- भारतले बिश्केकमा रहेका भारतीय विद्यार्थीहरूलाई घरमा बस्ने दियो सल्लाह
- साँझ पाँच बजी समाप्त हुनेछ झारखण्डमा पाँचौं चरणको चुनाव प्रचार
- श्रीलंका स्थित सीता अम्मन मन्दीरमा भोली हुने पावन कुम्भाभिषेकमको भइसक्यो सबै तयारी
- भारतीय सशस्त्र बल राष्ट्रीय प्रतीकका रूपमा उदाएको श्री के.टी. परनायकको भनाइ ।

प्रधानमन्त्री बधाई संदेश

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले उपराष्ट्रपति श्री जगदीप धनखड़लाई उहाँको जन्मदिनमा बधाई दिनुभयो । श्री मोदीले श्री धनखड़को संविधान प्रति गहिरो समझ, सार्वजनिक सेवा प्रति उहाँको प्रतिबद्धता र कानूनी अनुभवको पनि प्रशंसा गर्नुभयो। साथै, श्री मोदीले उपराष्ट्रपतिको सुस्वास्थ र दीर्घायुको कामना गर्नु भयो। प्रधानमन्त्री श्री मोदीले पूर्व प्रधानमन्त्री श्री एच.ड़ी देवगोड़ा संग पनि भेटघाट गर्नुभयो र उहाँलाई जन्मदिनको शुभकामना दिनुभयो । श्री मोदीले कृषि एवं ग्रामीण विकास प्रति श्री गौड़ाको योगदानको सराहना गर्नुभयो।

विदेश मन्त्रालय-सलाह

भारतले आज किर्गीस्तानको बिश्केकमा भारतीय विद्यार्थीहरूलाई घरमै बस्ने सलाह दीएको छ। विदेशी विद्यार्थीलाई निशाना बनाउने हिंसाको रिपोर्टपछि यो परामर्श जारी गरिएको हो । बिश्केकमा भारतीय विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्दै विदेश मन्त्री श्री एस. जयशंकरले भन्नुभयो, स्थितिको रेखदेख गरिँदै छ र अहिले हालत नियन्त्रणमा छ। श्री जयशंकरले विद्यार्थीलाई दूतावास संग सम्पर्क बनाइराख्ने सलाह दिनुभएको छ। किर्गीस्तानमा भारतीय दूतावासले विद्यार्थीका लागि आपतकालीन नम्बर शून्य पाँच पाँच – पांचँ सात एक - शून्य शून्य चार एक जारी गरेको छ ।

## झारखण्ड -चुनाव

झारखण्डमा पाँचौ चरणको चुनाव प्रचार आज साँझ पाँच बजी समाप्त हुनेछ । यस चरणमा चतरा, कोडरमा र हज़ारीबाग़ लोकसभा सीटमा चुनाव अनि गान्डेय विधान सभा सीटमा उपचुनावका लागि बीस मेमा मतदान हुनेछ। यस चरणको चुनावमा कुल चवन्न उम्मेदवार मैदानमा छन् । संवाददाताले बताए अनुसार कड़ा सुरक्षा बीच राज्यको टाढा इलाकामा चुनाव सम्बन्धी आज सामग्री पुऱ्याइँदै छ । झारखण्डका मुख्य निर्वाचन अधिकारी श्री के. रवि कुमारले बताउनु भयो , दुई हजार उन्नाइसको तुलनामा दुई हजार चौबीसको चुनावमा उम्मेदवारको संख्यामा वृद्धी भएको छ। उहाँले भन्नुभयो, पछिलो चुनावमा दुई सय उन्तीसजना उम्मेदवार मैदानमा थिए भने यस वर्ष दुई सय चौवालीस जना उम्मेदवारले चुनाव लड़ी रहेका छन्।

## आईएनडीआईए गुट-मुम्बई

कांग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खरगेले प्रधानमन्त्री श्री नरेन्द्र मोदी माथी चुनावी भाषणको माध्यमद्वारा मानिसलाई भडकाउने र समाजलाई भाँड्ने आरोप लगाउनु भएको छ। मुम्बईमा आई.एन.डी.आई.ए गुटको तर्फबाट संवाददाता सम्मेलनलाई सम्बोधित गर्दै श्री खरगेले भन्नुभयो, महाराष्ट्रमा महायुति सरकार विश्वासघात अनि षड्यन्त्रका आधारमा बनिएको थियो। उहाँले भन्नुभयो, भारतीय जनता पार्टीले महाराष्ट्रमा प्रमुख दलमा तोडफोड मात्र नगरेर सुनिश्चित गरिएको छ पार्टीको चुनाव चिह्न एन.डी.ए को समर्थनको दललाई दिइनेछ। यसै संवाददाता सम्मेलनमा एन.सी.पी-का प्रमुख श्री शरद पवारले भन्नुभयो, भारतीय जनता पार्टीले बेरोजगारी जस्तो महत्वपूर्ण मुद्दाले मानिसको ध्यान हटाउनका लागि पाकिस्तानबाट आई. एन. डी. आई गठबन्धन जोडिने जस्तो झठो बयान दिरहेको छ । श्री पवारले भन्नुभयो, आई. एन. डी. आई गठबन्धन सत्तामा आएपछि देशमा सबै धार्मिक संस्थाहरूलाई संरक्षण प्रदान गर्नु सरकारको जिम्मेबारी हुनेछ।

## श्रीलंका-सीता अम्मन मन्दिर

श्रीलङ्काको सीता एलियामा स्थित सीता अम्मन मन्दिरमा भोली हुने पावन कुम्भाभिषेकमको सबै तयारी भइसकेको छ। हिजो बिहान कोलम्बोबाट एउटा रथ सीता अम्मन मन्दिर पुगेको छ यसमा अयोध्याबाट ल्याइएको पचीस लीटर सरयू नदीको पवित्र जल र तिरूपति मन्दिरबाट पाँच हजार लड्डू पनि पठाइएको छ। यस अवसरमा भारत अनि नेपालका केही भागबाट श्रद्धालु सीता एलिया पुगेका छन् । सीता एलिया वा अशोक वाटिका देवी सीतालाई रावणले बन्धक बनाएर राखेको स्थान भनेर जानीन्छ। सीता मन्दीरद्वारा अयोध्यामा राम लला मन्दीरको निर्माणमा पवित्र शिला पनि पठाइएको थियो।

<u>भारत-संयुक्त अरब अमीरात</u>

भारतका एक उच्च स्तरीय प्रतिनिधी मण्डलले महत्त्वाकाङ्क्षी भारत-मध्य-पूर्व-यूरोप आर्थिक कोरिडोर विकसित गर्ने बारेमा आबूधाबीमा संयुक्त अरब अमीरातका अधिकारीका साथ वार्ता गरेको छ। दुबै देशले यस परियोजनासंग सम्बन्धीत समझौतामा तीन महीना अघि नै हस्ताक्षर गरेको थियो।

जहाजरानी, पोत परिवहन र जलमार्ग मन्त्रालय, वाणिज्य र उद्योग मन्त्रालय, केन्द्रीय उत्पाद र सीमा-शुल्क बोर्ड तथा दीनदयाल उपाध्याय बन्दरगाह, काण्डलाका वरिष्ठ अधिकारीको अन्तर-मन्त्रालय दलले पन्ध्र देखी सत्र मे सम्म संयुक्त अरब अमीरातका प्रमुख जहाजरानी केन्द्रको भ्रमण गऱ्यो । यस अन्तर्गत यस दलले खलीफा बन्दरगाह, फुजैरा बन्दरगाह र जेबेल अली बंदरगाहमा अधिकारीहरूका साथ आर्थिक कोरिडोर सहित वस्तुको सुचारू आवागमन बारे व्यापक विचार-विमर्श गरिएको छ। प्रतिनिधिमण्डलले संयुक्त अरब अमीरातको सीमा-शुल्क अधिकारीसंग पनि भेटघाट गरेको छ ।

<u>अरूणाचल प्रदेश-राज्यपाल</u>

अरूणाचल प्रदेशका सेवानिवृत्त राज्यपाल लेफ्टीनेन्ट जनरल श्री के.टी. परनायकले भन्नुभयो, भारतीय सशस्त्र बलले राष्ट्र निर्माणमा महत्वपूर्ण भूमिका निभाइरहेको छ अनि एकता तथा लचीलेपनका साथ राष्ट्रीय प्रतीकका रूपमा उभ्रीएको छ। हिजो नयाँ दिल्लीको मानिकशाह केन्द्रमा लेफ्टीनेन्ट जनरल पीएस भगत स्मारक व्याख्यानमा भाग लिँदै उहाँले विकसित भारतको दृष्टिकोण याद गर्नुभयो। उहाँले सशस्त्र बलको परिवर्तन बल संरचना, आधुनुकीकरण, प्रौद्योगिकी संचार र मानव संसाधन प्रबन्धनमा र निर्भर गर्दछ भन्ने विषयमा जोड दिनुभयो। राज्यपालले भन्नुभयो, सशस्त्र बल विकसित राष्ट्र बनाउनमा सबैभन्दा ठूलो प्रेरक बन्न चाहन्छ।

<u>दिल्ली पुलिस-बिभव हिरासत</u>

दिल्ली पुलिसले मुख्यमन्त्री श्री अरविन्द केजरीवालका सहायक श्री बिभव कुमारलाई आम आदमी पार्टी सांसद सुश्री स्वाति मालीवाललाई कथित दुर्व्यवहार गरेको मामिलामा हिरासतमा लिएको छ। उहाँलाई आज दिल्लीको सिविल लाइन्स पुलिस थाना ल्याइएको छ। यस अघि सुश्री मालीवालले बिभव कुमार विरूद्ध तेह्र मेमा मुख्यमन्त्री केजरीवालको आवासमा उहाँलाई होच्याएकोमा विरोध दर्ता गराउनु भएको थियो। जवाबमा श्री बिभव कुमारले पनि सुश्री मालीवालको विरोध गर्दै मालीवाल घटनाको दिन मुख्यमन्त्रीको आवासमा अवैधरूपले प्रवेश गर्नुभएको आरोप लगाउनुभएको छ।

मौसम विभाग -केरल-

मौसम विभागले केरलको पथन मथिट्टा, इडुक्की र मलपपुरम जिल◌्लामा आज ओरेन्ज अलर्ट जारी  गरेको छ। यहा◌ँ त◌िव्र भन्दा पनि तीव्र वर्षा  हुने सम्भावना  जताएको छ। यसक◌ा साथै नौवटा अन्य जिल◌्लामा येल्लो अलर्ट जारी  गरिएको छ । मौसम विभागले भनेको छ की भोलीदेखि राज्यमा अझै ताव्र झरी पर्ने सम्भावना छ । विभागले  पथनामथिट्टा, कोट्टायम र इडुक्की जिल◌्लामा त◌ीव्र पानी पर्ने सम्भावनालाई हेर्दै रेड अलर्ट जारी गरेको छ। साथै तिरुवनन्तपुरम, कोल्लम, अलाप्पुझा  र एर्नाकुलममा ओरेन्ज अलर्ट जारी  गरेको छ ।मौसम विभागले बताएको छ, राज्यमा तल्लो स्तरमा चल◌ी रह◌ेको  तेज पश्चिमी अनि दक्षिण पश्चिमी हवाका  कारण यस महीन◌ाको एकाइस  तारीख सम्म वर्षा ह◌ुने  सम्भावना छ। केरल तटीय भाग र लक्षद्वीपको छेउछाउ पैतालीस  किलोमीटर प्रति घण्ट◌ाको रफ्तारले तेज हवा चल◌्ने सम्भावना छ र मछुवालाई समुद्रमा नजाने सलाह द◌िइएको छ।